मिति २०८३/१/१७ गते तदअनुसार ने.सं. ११४६ वछलाथ्व चतुर्दशी बिहिवार बिहान ११:०० बजे पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री महेश खरेलज्यूको अध्यक्षतामा तपशील वमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसेको कार्यपालिकाको १६२ औं वैठकले देहायका विषयमा छलफल गरि निर्णय पारित गरियो।

<u>उपस्थिती</u>

| क.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री महेश खरेल | नगर प्रमुख | |
| २. | श्री सुर्यमाया दनुवार | नगर उप-प्रमुख | |
| ३. | श्री पुरुषोत्तम सापकोटा | सचिव | |
| ४. | श्री सञ्जय तामाङ | नगर प्रवक्ता तथा सदस्य | |
| ५. | श्री जय बहादुर तामाङ | सदस्य | |
| ६. | श्री रामेश्वर दाहाल | सदस्य | |
| ७. | श्री सुन्दर अधिकारी | सदस्य | |
| ८. | श्री सुन्दर तामाङ | सदस्य | |
| ९. | श्री सिताराम ढुंगाना | सदस्य | |
| १०. | श्री रामशरण दुलाल | सदस्य | |
| ११. | श्री रामकृष्ण दंगाल | सदस्य | |
| १२. | श्री रामकाजी श्रेष्ठ | सदस्य | |
| १३. | श्री नारायण प्रसाद सापकोटा | सदस्य | |
| १४. | श्री हिराकाजी तामाङ | सदस्य | |
| १५. | श्री ज्ञान बहादुर दनुवार | सदस्य | |
| १६. | श्री सुकुविर तामाङ | सदस्य | |
| १७. | श्री यसोदा वसेल | सदस्य | |
| १८. | श्री सृजना परियार | सदस्य | |
| १९. | श्री सरस्वती फैजु | सदस्य | |
| २०. | श्री सुमित्रा खरेल | सदस्य | |
| २१. | श्री कल्पना ढुंगाना | सदस्य | |
| २२. | श्री माइली दनुवार | सदस्य | |
| २३. | श्री सुरेश भुजेल शिवभक्ती | सदस्य | |
| २४. | श्री बालकृष्ण गेक्का | सदस्य | |
| २५. | श्री कल्याण प्रसाद सुवेदी | लेखा अधिकृत | |

## बैठक संख्या:-१६२

## मितिः-२०८३/१/१७

## नगर कार्यपालिकाको बैठकमा निर्णयका लागि पेश भएका प्रस्तावहरु

१.गत बैठकको समिक्षा सम्बन्धमा।

२.समाज विकास तथा वातावरण सुधार नेपाल बनेपा-१० लाई पाँचखाल न.पा.मा कार्यक्रम गर्न सहमती दिने सम्बन्धमा।

३.पाँचखाल नगर आधारभूत अस्पतालमा कार्यरत मेडिकल अधिकृत अमरदीप नारायण भारतीको राजिनामा सम्बन्धमा।

४.मौलिक बजार तथा मौलिक भान्छाघर कार्यक्रम अन्तर्गत स्टल बुकिङ्ग तथा प्रतिनिधि खटाउने सम्बन्धमा।

५.कृषि मेला प्रदर्शनी सम्बन्धमा।

६.पूर्ण खोप सुनिश्चितता नगर घोषणा सम्बन्धमा।

७.राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम अन्तर्गतको बजेट बाँडफाँड सम्बन्धमा।

८.आर्थिक सहयोग/सहायता सम्बन्धमा।

९.यस कार्यालयबाट प्रकाशित ठेक्काहरुको म्याद कायम र आ.व. ०८३/८४ को लागि बजेट सुनिश्चितता सम्बन्धमा।

१०.भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट संचालन गर्ने सम्बन्धमा।

११.परामर्श सेवा खरिद कार्यको TOR, नर्म्स र लागत अनुमान स्वीकृत गर्ने सम्बन्धमा |

१२.आ.व. २०८३/८४ को लागि बागमती प्रदेश सरकार अतर्गतका विभिन्न निकायहरुमा कार्यक्रम प्रस्ताव गरिने आयोजना छनौट गर्ने सम्बन्धमा।

१३.नगरस्तरीय आकस्मिक कोष र विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी कार्यान्वयन गरिने योजना सम्बन्धमा।

| | |
|---|---|
| १. तिनपिप्ले खानेपानी ट्यांकी निर्माण वडा नं.०१ (उज्यालो नेपालसंग साझेदारी) | रु.५०००००/- |
| २.छाप आँसीखोला सडक स्तरोन्नति वडा नं.०१ (मण्डन देउपुर न.पा.संग साझेदारी) | रु.५०००००/- |
| ३.नेपाल बैंक पछाडिको सडक स्तरोन्नति वडा नं.०४ | रु.५०००००/- |
| ४.पाँचखाल प्रहरी चौकी पार्टेशन तथा झ्याल ढोका | रु.७०००००/- |
| ५.खारबेशी इनार संरक्षण पाँचखाल-१२ | रु.१५००००/- |

१४.सामी कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शकर्ताको विज्ञापन सम्बन्धमा।

१५.कार्यक्रम संशोधन सम्बन्धमा।

१६.पाँचखाल नगरपालिका, शान्ती जनआदर्श सेवा केन्द्र र Habitat Nepal को सहकार्यमा सुरक्षित आवास कार्यक्रम सम्बन्धमा।

१७.मानव बेचविखन तथा ओसारपसार विरुद्ध निति र मानव बेचविखन तथा ओसारपसार नियन्त्रण कार्यक्रम कार्यविधि २०८३ स्वीकृती सम्बन्धमा।

१८.महिला औद्योगिक ग्राम(विशेष) को लागत साझेदारी सम्बन्धमा।

१९.विविध।

**बैठक संख्या १६२**

**मिति २०८३/१/१७**

**नगरकार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं. १**

गत कार्यपालिकाको बैठकबाट कार्यान्वयन गर्नुपर्ने निर्णयहरु कार्यान्वयन भइरहेको विवरण सम्बन्धित शाखाहरुबाट प्राप्त भएको हुँदा कार्यान्वयनमा खटिने सबै तह, निकाय, शाखालाई धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं. २**

सामाजिक विकास तथा वातावरण सुधार नेपाल बनेपा-१० लाई संस्थाको उद्धेश्य अनुसार पाँचखाल नगरपालिका कार्यालय र सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी कार्यक्रम संचालनका लागि सहमती दिने निर्णय गरियो।

**निर्णय नं. ३**

मिति २०८३/१/१२ देखि लागु हुने गरी स्वईच्छाले आफ्नो पदबाट राजीनामा दिनुभएका नगर आधारभूत अस्पताल पाँचखालमा कार्यरत मेडिकल अधिकृत डा.अमरदिप नारायण भारतीको राजीनामा मिति २०८३/१/१२ देखिनै लागु हुने गरी स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

Dig for Nepal र Worldmart Unique Solutions Pvt.Ltd र पाँचखाल नगरपालिका बिच मिति २०८२ भाद्र २० मा सम्पन्न स्थानीय उत्पादन तथा रैथाने परिकार प्रबर्धन मेला २०८२/०८३ सम्बन्धमा भएको सहमति पत्र बमोजिम आगामी दिनहरुमा प्रत्येक हप्ताको शनिबार सञ्चालन हुने भनि जानकारी प्राप्त भएकोले उक्त सम्झौता बमोजिम यस पालिकाबाट मासिक रु.५०००/- अक्षरुपी रु पाँच हजार रुपैँया मात्र।- व्यहोर्ने गरी स्टल बुकिङ्ग गर्ने र सम्बन्धित इच्छुक संस्था/उद्यमीहरुलाई आ-आफ्ना विशेष उत्पादनहरु बजारीकरणका लागि पठाउने निर्णय गरियो।

**निर्णय नं. ५**

लवग्रीन नेपालले यस कार्यालयमा पेस गरेको प.सं. २०८२/०८३ च.नं. १२३ र मिति २०८२/१२/२२ पत्र तथा प.सं. २०८२/०८३ च.नं. १२३ र मिति २०८३/०१/१५ को पत्रहरु अनुसार नगरपालिकाको साझेदारीमा आगामी २०८३ साल बैशाख २५ र २६ गते दुई दिन पाँचखाल नगरपालिका वडा नं ४ स्थित कृषि उपज सङ्कलन तथा बजार केन्द्रको परिसरमा **"कृषि मेला प्रदर्शनी"** चलाउनको लागि ५०% साझेदारी रहने गरी प्रस्ताव पेस गरेकोमा कूल कार्यक्रम अनुमानित रु. ५,००,०००/- पाँच लाख तथा नगरपालिकाबाट आर्थिक सहयोग स्वरुप रु. २,५०,०००/- अक्षरुपी रु. दुई लाख पचास हजार माग गरेको हुँदा यस कार्यालयको चालु आ.ब. २०८२/८३ को बार्षिक स्वीकृत कार्यक्रम (कृषि विभिन्न दिवस/मेला सञ्चालन/सहभागीता कार्यक्रम खर्च शीर्षक २२५२९) मा विनियोजित रु.१,००,०००/- र अन्य समपुरक म्याचिङ्ग फण्ड शीर्षकबाट रु. १,५०,०००/- गरी बढीमा रु.२,५०,०००/- कार्यक्रम सम्पन्न भए पश्चात बिल भरपाईका आधारमा लागत साझेदारी रकम भुक्तानी गरिने निर्णय गरियो।

निर्णय प्रमाणित

**निर्णय नं. ६**

नेपाल सरकारको उद्धेश्य तथा नीति बमोजिम यस पालिकामा रहेका १५ वर्ष मुनिसम्मका सबै बालबालिकाहरुले तोकिए अनुसारको सबै खोपहरु पुरा गरेका हुँदा मिति २०८३/१/१७ गते यस पालिकालाई पूर्ण खोप सुनिश्चितता· घोषणा गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम अन्तर्गत यस पालिकाको आ.व. २०८२/८३ का लागि स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही देहाय बमोजिम बजेट बाँडफाँड गरी वडा भित्रका पक्की नाली सरसफाई योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

| क्र.सं | वडा नं | बजेट रु. |
|---|---|---|
| १ | १ | ७८६६६.६७ |
| २ | २ | ७८६६६.६७ |
| ३ | ३ | ७८६६६.६७ |
| ४ | ५ | ७८६६६.६७ |
| ५ | ६ | ७८६६६.६७ |
| ६ | ७ | ७८६६६.६७ |
| ७ | ८ | ७८६६६.६७ |
| ८ | ९ | ७८६६६.६७ |
| ९ | १० | ७८६६६.६७ |
| १० | ११ | ७८६६६.६७ |
| ११ | १२ | ७८६६६.६७ |
| १२ | १३ | ७८६६६.६७ |
| जम्मा रु. | | ९४४०००.०४ |

**निर्णय नं. ८**

अन्य व्यक्ती तथा संस्था सहायता शिर्षकबाट देहायका व्यक्तीहरुलाई देहाय बमोजिमको औषधी उपचार सहयोग/विपन्न सहायता उपलब्ध गराउने निर्णय गरियो।

| क्र.सं. | नाम थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | विष्णु प्रसाद गौतम | पा.न.पा. ६ | १००००/- | ह्विलचेयरको लागि ब्याट्री र चार्जर खरिद |
| २ | भुपाल सिं लामा | पा.न.पा. ११ | १००००/- | मुटु सम्बन्धी समस्या |
| ३ | भिम बहादुर श्रेष्ठ | पा.न.पा. ११ | १००००/- | मुटु सम्बन्धी समस्या |
| ४ | राम बहादुर दनुवार | पा.न.पा. १२ | १००००/- | मुटु सम्बन्धी समस्या |
| ५ | माईली दनुवार | पा.न.पा. १२ | १००००/- | क्यान्सर |
| ६ | हिराकाजी श्रेष्ठ | पा.न.पा. ९ | ३००००/- | आगलागी(जस्तापाता र खाद्यान्नको लगि) |
| ७ | कुमारी दनुवार | पा.न.पा. ६ | १००००/- | मधुमेह |
| ८ | संगम दनुवार | पा.न.पा. ३ | १००००/- | मृगौलामा समस्या |

| | | | | |
|---|---|---|---|---|
| ९ | सोफिया रोक्का | पा.न.पा. १३ | १००००/- | मुटु सम्बन्धी समस्या |
| १० | श्री भक्रम देवी मा.वि. | पा.न.पा. २ | २००००/- | जस्तापाता खरिदको लागि |
| ११ | हर्क बहादुर तामाङ | पा.न.पा. ८ | १००००/- | घाँटिको क्यान्सर |

**निर्णय नं. ९**

पूर्वाधार विकास शाखाबाट पेश भए बमोजिम यस कार्यालयबाट बोलपत्र आव्हान भएका निम्न ठेक्काहरुको चालु आ.व. मा कार्य सम्पन्न गर्ने समय न्यून हुने देखिएको हुँदा सृजित दायित्व आ.व. २०८३/८४ को बजेटमा सुनिश्चितता गर्ने र उक्त ठेक्काहरुको म्याद मिति २०८३/०६/१५ सम्म कायम हुने गरी ठेक्का सम्झौता प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

| क्र.सं. | ठेक्काको नाम |
|---|---|
| 1. | Various Road Upgrading Works at Ward No. 03 |
| 2. | Radhakrishna Mandir Satramtar Thapadanda Swamiko Bot Coldstore Sadak |
| 3. | Sakini Road Upgrading |
| 4. | Nagar Kshetra Bhitraka Pakki Sadak Marmat |
| 5. | Palanchok Koshidekha Sadak Marmat Tatha Staronnati Wada No. 09, 11 and 13 |
| 6. | Various Road Upgrading Works at Ward 05 |
| 7. | Dhunganabesi Dhotra Road Upgrading |
| 8. | Brital RCC Drain Construction and Dhudakomukh RCC Drain Construction |
| 9. | Various Road Upgrading Works at Ward No. 12 |
| 10. | Various Road Upgrading Works at Ward no 08 |
| 11. | Various Road Upgrading Works at Ward no 09 |
| 12. | Various Road Upgrading Works at Ward no 10 |

**निर्णय नं. १०**

भूमी प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट संचालन गर्ने सम्बन्धमा यस पालिकासँग सेवा संचालन गर्न आवश्यक पर्ने जनशक्ती र पूर्वाधार अभाव रहेको हुँदा यसका लागि आवश्यक जनशक्ति र पूर्वाधारको व्यवस्था भए पश्चात उक्त सेवा संचालन गर्न सकिने भएकोले नगरपालिकाबाट जनशक्ति व्यवस्था नभए सम्मको आवश्यक कर्मचारी व्यवस्थाको लागि सम्बन्धित निकाय समक्ष लेखि पठाउने निर्णय गरियो।

**निर्णय नं. ११**

पूर्वाधार विकास शाखाबाट पेश भए बमोजिम निम्न परामर्श सेवा खरिद कार्यको TOR, नर्म्स र लागत अनुमान स्वीकृत(अनुमोदन) गर्ने निर्णय गरियो।

क) पाँचखाल नगरपालिका भित्रको जग्गा बर्गीकरण

ख) झिर्कुखोला पूल हर्षे सर्वमंगला पाँचखाल २ र ३ डिजाइन तथा निर्माण

निर्णय नं. १२

आ.व. २०८३/८४ का लागि प्रदेश सरकार अन्तर्गत विभिन्न निकायहरुबाट संचालन तथा कार्यान्वयन गर्ने गरी देहायका योजना/कार्यक्रम छनौट गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो।

क. सडक तथा सडकपूलः

१. सुनकोशी पाँचखाल खानेपानी आयोजना पहुँच मार्ग पाँचखाल-भुम्लु
२. समाजकल्याण अनैकोट नगरकोट सडक स्तरोन्नति
३. डुडामुख घुमाउनेचौर कोट्याङ फेदी सडक स्तरोन्नति
४. जिरोकिलो मेलम्ची सडक स्तरोन्नति
५. लामीडाँडा पलान्चोक कोशिदेखा तिमालबेशी सडक स्तरोन्नति
६. तिनपिप्ले बालुवा बोहोरेदोभान सडक स्तरोन्नति
७. तामाघाट बोहोरेदोभान सडक स्तरोन्नति
८. झिकुखोला पूल निर्माण, दोभानापाटी, पाँचखाल २ र धुलिखेल २
९. झिकुखोला पूल निर्माण, तिमालबेशी, पाँचखाल १३ र तिमाल १
१०. अँधेरिखोला पूल निर्माण, भीमसेनथान, पाँचखाल १२
११. बनेपा रबिओपी पाँचखाल सडक स्तरोन्नति

ख) आवास, भवन तथा सहरी विकासः

१. हरित महिला औद्योगिक ग्राम

ग) सिंचाई पूर्वाधार, जल उत्पन्न प्रकोप व्यवस्थापन कार्य र सौर्य तथा अन्य नबिकरणीय उर्जाः

१.खाटावेशी कुलो वडा नं ४
२.उर्वसे कुलो कुला मुनिको कुलो वडा नं ६
३.ढोडखोला नौबिसे दुग्धेश्वर सिंचाई कुलो वडा नं ३
४.टारको कुलो वडा नं ३
५.जोरपाटी हल्लउडे कुलो वडा नं ३
६.टटले माक्ले ढोडबेशी खोक सिंचाई कुलो वडा नं २
७.डाईनेटार सिंचाई कुलो वडा नं २
८.धनेको बाँध सिंचाई कुलो वडा नं २
९.जोरपाटी ढोडखोला नदी नियन्त्रण वडा नं २
१०.टोपाको बाँध कुलो सिंचाई बाँध निर्माण वडा नं २
११.साम्ले माने सिंचाई बाँध निर्माण वडा नं २
१२.चकमके ढोडबेशी ढोडखोला बाँध निर्माण वडा नं २
१३.कुइकेल देउराली खोक सिंचाई कुलो वडा नं २
१४.रयाले बखेलडिहि सिंचाई कुलो वडा नं ६
१५.गहते सिंचाई कुलो वडा नं ६
१६.सिराने ठूलोखेत सिंचाई कुलो वडा नं ६

१७.गैरी सिंचाई कुलो वडा नं ६

**निर्णय नं. १३**

नगरस्तरीय आकस्मिक कोष तथा विपद् व्यवस्थापन कोषबाट खर्च भुक्तानी हुने गरी देहाय बमोजिमका योजना/कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

१.तिनपिप्ले खानेपानी ट्यांकी निर्माण वडा नं.०१(उज्यालो नेपालसंग साझेदारी) रु.५०००००/-

२.छाप आँसीखोला सडक स्तरोन्नति वडा नं.०१(मण्डनदेउपुर न.पा.संग साझेदारी) रु.५०००००/-

३.नेपाल बैंक पछाडिको सडक स्तरोन्नति वडा नं.०४ रु.५०००००/-

४.पाँचखाल प्रहरी चौकी पार्टेशन तथा झ्याल ढोका रु.७०००००/-

५.खारबेशी इनार संरक्षण पाँचखाल-१२ रु.१५००००/-

६.पशु स्वास्थ्य क्लिनिक वडा नं ६ रु.५०००००/-

७.इन्द्रवान कुलो वडा नं १२ रु.१००००००/-

८.सत्सङ भवन वडा नं १२ रु.१०००००/-

९.झिकुखोला(रानी दह) दाँया बाँया वाल निर्माण रु.१००००००/-

**निर्णय नं. १४**

सामी कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शकर्ताको पूर्व विज्ञापन बमोजिम भए गरेका सम्पूर्ण कार्यहरु रद्द गरी नयाँ विज्ञापन मार्फत मनोसामाजिक परामर्शकर्ताको पदपुर्ती प्रक्रिया अघि बढाउने निर्णय गरियो।

**निर्णय नं. १५**

स्वीकृत कार्यक्रमको तोकिए बमोजिमको बजेटमा थप व्ययभार नपर्ने गरी वडा कार्यालयहरुको सिफारिस अनुसार देहाय बमोजिम कार्यक्रम/योजना रकमान्तर गर्ने निर्णय गरियो।

| क्र.सं. | साविक | | रकमान्तर पछि हुनुपर्ने | | कैफियत |
|---|---|---|---|---|---|
| | योजनाको नाम | बजेट रु. | योजनाको नाम | बजेट रु. | |
| १. | डिस्पेन्सरी तथा उपचार कक्ष निर्माण/ मर्मत वडा नं ३ | १०,००,०००/- | डिस्पेन्सरी तथा उपचार कक्ष निर्माण/ मर्मत वडा नं ३ | ७,५०,०००/- | २५% घटाइएको |
| २. | वडा कार्यालय मर्मत सम्भार वडा नं. ३ र ४ | १०,००,०००/- | वडा कार्यालय मर्मत सम्भार वडा नं. ३ र ४ | १२,५०,०००/- (२,५०,०००/- थप गरी) | २५% बढाइएको |

**निर्णय नं. १६**

पाँचखाल नगरपालिका, शान्ती जनआदर्श सेवा केन्द्र र Habitat Nepal को सहकार्यमा संचालन गरीने सुरक्षित आवास कार्यक्रमको लागि यस नगरपालिकाबाट व्यहोर्नु पर्ने रकम रु.१२,५०,०००/- अन्य समपुरक म्याचिङ्ग फण्ड शीर्षकबाट भुक्तानी हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. १७

विधेयक समितिबाट पारित भई महिला बालबालिका तथा ज्येष्ठ नागरीक शाखा मार्फत पेश हुन आएको मानव बेचविखन ओसार पसार विरुद्ध नीति २०८३ र मानव बेचविखन तथा ओसार पसार नियन्त्रण कार्यक्रम कार्यविधी २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १८

यस पाँचखाल नगरपालिका वडा नं ७ मा नेपाल सरकारबाट घोषणा भएको हरित महिला औद्योगिक ग्राम (विशेष) को रु.४१,००,००,०००/- अक्षेरेपी एकचालिस करोड लागत अनुमान सहितको विस्तृत परियोजना प्रतिवेदन तयार भएकोमा यस नगरपालिकाको आन्तरिक स्रोत अत्यन्त न्यून भएको हुँदा नगरपालिकाको स्रोतबाट निर्माण गर्न कठिन भएको हुँदा लागत अनुमानको ३० प्रतिशत पाँचखाल नगरपालिका र ७० प्रतिशत बागमती प्रदेश सरकारबाट लागत व्यहोर्ने गरी आगामी आ.व. २०८३/८४ मा आवश्यक बजेट विनियोजनको लागि बागमती प्रदेश सरकार समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो।

निर्णय नं. १९(विविध)

१.यस नगरपालिका अन्तर्गतको पाँचखाल नगर आधारभूत अस्पतालमा कार्यरत चिकित्सक(मेडिकल अधिकृत) हरुलाई प्रत्येक महिना सार्वजनिक विदा सहित कम्तीमा २१ वा सो भन्दा बढी रुजु हाजिर भएमा सुरु तलब स्केलको ५०% रकम र २१ दिन भन्दा कम रुजु हाजिर भएको महिनाको लागि हाजिर भएको दिन हिसाब गरी सुरु तलब स्केलको ५०% रकम प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

२.समाजकल्याण चोकबाट न.पा. जोरपाटी सडक र न.पा. प्रवेश मार्ग तथा कम्पाउण्ड सडकलाई बहुवर्षिय योजना अन्तर्गत राखी नियमानुसार निर्माण प्रकृया अगाडि बढाउने निर्णय गरियो।

३.आ.व. ०८२/८३ को पहिलो, दोस्रो र तेस्रो त्रैमासिकको आ.ले.प. प्रतिवेदन उपर छलफल गरियो। प्रतिवेदनमा उल्लेखित कैफियतहरु/सुझावहरुलाई कार्यान्वयनको लागि सम्बन्धित पक्षहरुलाई निर्देशन दिने निर्णय गरियो।

४.कोट्याङ तामाङ गुठियार समाज सेवा समूह, पाँचखाल-१, काभ्रेपलाञ्चोकले ५ (पाँच) थान ब्याग पाइप च्यान्टर खरिद गर्दा लागेको जम्मा रकम रु.४,१९,२३०(अक्षरेपि चार लाख उन्नाइस हजार दुइ सय तिस रुपैयाँ) विविध कार्यक्रम खर्च शीर्षकबाट **कोट्याङ तामाङ गुठियार समाज सेवा समूह, पाँचखाल-१, काभ्रेपलाञ्चोकलाई** भुक्तानी दिने निर्णय गरियो।

५.पाँचखाल नगरपालिका अन्तर्गत अरनिको राजमार्गको मुख्य स्थानहरु तामाघाट बजार, जिरोकिलो, खावा लगायतका स्थानमा जडान गरिएको सिसिटिभि क्यामरा संवत् २०८२ भदौ २४ गतेको जेनजी आन्दोलनमा प्रहरी चौकी पाँचखालमा रहेको स्टोरेज डिभाइसहरु, मनिटर, क्यामरा, तारहरु आगलागी भइ नष्ट भएकोमा प्रहरी मुचुल्का र अनुगमन समितिको प्रतिवेदनका आधारमा सम्पन्न भएको कामको मूल्याङ्कन बमोजिमको रकम कायदिश दिइएको फर्म एम.एस. कम्प्युटर इन्फोसिस पाँचखाल-४, काभ्रेपलाञ्चोकको नाममा भुक्तानी दिने निर्णय गरियो।

६.आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश हेटौंडाबाट पाँचखाल न.पा. वडा नं ६ मा हस्तान्तरित योजना बेलाथुम्की बस्ती पहिरो नियन्त्रण र डिकोखेत ठूलोबारी बस्ती पहिरो नियन्त्रण योजना सम्झौता भई

कार्य सुरु भइसकेकोमा उक्त योजना सम्पन्न गर्नको लागि बजेट नपुग भएकोले आवश्यक बजेट रु.२०,००,०००/-व्यवस्थापनको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेशलाई अनुरोध गरी पठाउने निर्णय गरियो।

७.पाँचखाल नगरपालिका वडा नं १२ स्थित गुप्तेश्वर दाहासंस्कार कोषको लागि फर्निचर तथा फिक्चर्स शीर्षकबाट खर्च भुक्तानी गर्ने गरी बढीमा रु.५००००/- बराबरको फर्निचर खरिद गर्ने निर्णय गरियो।

८.पाँचखाल नगरपालिका वडा नं ११ मा संचालनमा रहेको अमरज्योती इङ्गलिस बोर्डिङ स्कूललाई यसं नगरपालिका अन्तर्गतको वडा नं ३ मा स्थानान्तरण गरी विद्यालयको नाम श्री खुसी बाल संसार पाठशाला, काभ्रेपलाञ्चोक कायम गर्ने निर्णय गरियो।

९.पाँचखाल नगरपालिका वडा नं ५ स्थित केराधारी शहरी स्वास्थ्य केन्द्रको लागि ग्रिल शीर्षकको वडास्तरीय कार्यक्रम केराघारी शहरी स्वास्थ्य केन्द्रको लागि चेन गेट(च्यानल गेट) शीर्षकमा संशोधन गर्ने निर्णय गरियो।

१०.नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट खर्च भुक्तानी गर्ने गरी प्राविधिक इष्टिमेट बमोजिम पाँचखाल नगरपालिका वडा नं ८ भित्र रहेका बाढी र पहिरोको कारण अवरोध भएका पक्की तथा कच्ची सडक नाली सरसफाई गराई निर्णय गरियो।

११.नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट खर्च भुक्तानी गर्ने गरी प्राविधिक इष्टिमेट बमोजिम पाँचखाल नगरपालिका वडा नं ११ स्थित खरेलथोक वडा कार्यालय मुनिको उकालो ढलान गर्ने निर्णय गरियो।

१२.नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट खर्च भुक्तानी गर्ने गरी प्राविधिक इष्टिमेट बमोजिम पाँचखाल नगरपालिका वडा नं ११ स्थित धारापानी मुनि र यादव खरेलको घरमुनी ठूलो पहिरोमा वायो इन्जिनियरिङ्ग प्रविधिबाट पहिरो नियन्त्रण गर्ने निर्णय गरियो।

१३.प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपाललाई पाँचखाल नगरपालिका वडा नं १ स्थित सिरानचौर धोवि खोला सामुदायिक वनको जग्गा उपभोग सम्बन्धी विवाद रुपान्तरणको लागि सहजिकरण गर्नको लागि विविध कार्यक्रम खर्च शीर्षकबाट रु.५०,०००/- उपलब्ध गराउने निर्णय गरियो।

१४.नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट खर्च भुक्तानी गर्ने गरी प्राविधिक इष्टिमेट बमोजिम पाँचखाल नगरपालिका वडा नं ७ स्थित सिमालीघारी नयाँबस्ती कान्छा दनुवारको घर अगाडी बाटो ढलान गर्ने निर्णय गरियो।

१५.नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट रु ५,००,०००/ खर्च भुक्तानी गर्ने गरी प्राविधिक इष्टिमेट बमोजिम पाँचखाल नगरपालिका वडा नं ४ स्थित खाटावेशी कुलो मर्मत सुधार गर्ने निर्णय गरियो।

१६.नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट रु ५,००,०००/ खर्च भुक्तानी गर्ने गरी प्राविधिक इष्टिमेट बमोजिम पाँचखाल नगरपालिका वडा नं ६ स्थित उर्वसे कुलो कुला मुनिको कुलो मर्मत सुधार गर्ने निर्णय गरियो।

*( बैठकमा प्रस्तुत एजेण्डाहरुमाथी कुनैपनि फरक मत नरहेको हुँदा सर्वसम्मत निर्णय गरिएको छ।)*